# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
Website: www.mathagadhi.gov.np


च.नं. :( Despatch No.)
पत्र संख्याः(Ref No.)

माथागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय झडेवा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

## किसान सूचीकरण सहजकर्ताको दरखास्त आव्हान सम्बन्धि सूचना।

प्रथम पटक प्रकाशित मितिः२०८०/०२/१०

माथागढी गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "किसान सूचीकरण" संचालन प्रयोजनार्थ सेवा करारमा तथ्यांक संकलक (सहजकर्ता) पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र माथागढी गाउँपालिकाको कार्यालयमा रीतपुर्वक दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ।

तपसिल

- पदको विवरण

| सि.नं. | विज्ञापन नं. | पद | पद संख्या | परिक्षा दस्तुर(रु) | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | ४६/०७९/०८० | सहजकर्ता | ३ | ३००/- | वडा नं.४ |

- कामको विवरणः किसान सूचीकरणका लागी तथ्यांक संकलन गरी सफ्टवेयरमा प्राविष्ट गर्ने।
- आवश्यक न्युनतम योग्यता : नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट १० जोड दुई वा प्रविणता प्रमाण-पत्र तह उत्तीर्ण, इन्टरनेट चलाउन सक्ने, एन्ड्रोइड वा स्मार्ट फोन वा ट्याब्लेट वा ल्यापटप भएको
- आवश्यक कागजात (क) नेपाली नागरिकताको प्रमाण पत्र (ख) शैक्षिक योग्यताको प्रमाणपत्रहरु (घ) अनुभवका प्रमाणपत्रहरु (ग) दरखास्त दस्तुर बुझाएको नगदी रसिद उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू १ प्रति स्वयं प्रमाणित गरी दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्नुपर्नेछ।
- विशेष प्राथमिकताः सम्बन्धित वडामा स्थायी बसोबास भएका, ३ महिने आधारभूत कम्प्युटर तालिम भएको, राष्ट्रिय स्तरको गणक तथा सर्वेक्षण कार्यमा अनुभव हासिल गरेकोलाई विशेष प्राथमिकता दिईने छ।
- छनौटको किसिम : सर्टलिस्ट तथा अन्तर्वार्ता।
- उमेर हद : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
- दरखास्त दिने अन्तिम मितिः मिति २०८०/०२/१७ गते सम्म।सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन।
- सम्पर्क मिति : २०८०/०२/१८ गते, अन्तर्वार्ताको मिति सम्पर्क मितिमा तोकिनेछ।
- सेवा सुविधा : किसान सुचीकरणका लागि छनौट भएका सहजकर्ताहरुले पाउने सेवा तथा सुविधा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ मा तोके बमोजिम हुनेछ।
- थप जानकारीको लागि सम्पर्क नं : ९८५७०७९११२ मा सम्पर्क गर्न सक्नुहुनेछ।

दिनेश ज्ञवाली
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत